शुभकामना

विजया दशमी तथा शुभदिपावली को पावन अवसरमा हाम्रा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता तथा सम्पूर्ण देशविदेशमा रहनुभएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरु प्रति सुख, शान्ति, समृद्धि तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गल्याङ पोष्ट साप्ताहिक परिवार

सूचना : विजया दशमीको बिदाले गर्दा अब आउने अर्को हप्ताको पत्रिका प्रकाशित नहुने कुरा यहाँहरुलाई जानकारी गराउदछौ ।

आलमदेवी मिडिया प्रा.लिको प्रस्तुति

'स्वतन्त्र र निष्पक्ष समचार, समुन्नत समाजको आधार'

साप्ताहिक पत्रिका

गल्याङ पोष्ट

GALYANG POST WEEKLY NEWSPAPER

वर्ष १ | अकं ९ | २०७० असोज २० गते आइतबार | Sunday 6 Oct, 2013 | पृष्ठ ६+२ | मूल्य रु ५

देशभर ६३५२, स्याङ्जामा ४२

डम्बरदेव अर्याल
एकिकृत नेकपा माओवादी

मोहन प्रसाद पाण्डे
नेपाली काङ्ग्रेस

मुक्ति प्रसाद पाठक
ने.क.पा. एमाले

अग्नीधर ढकाल
रा.प्र.पा. नेपाल

लाल बहादुर राना
राष्ट्रिय जनमोर्चा

गल्याङ पोष्ट सम्वाददाता

काठमाडौं/स्याङ्जा : दोस्रो संविधानसभा निर्वाचनका लागि देशभरमा ६३५२ जनाको उम्मेदवारी परेको छ । निर्वाचन आयोगमा असोज १७ गते तोकिएको समय भित्र यी मनोनयन दर्ता भएका हुन । मंसिर ४ गते हुने संविधानसभा निर्वाचनका लागि दलका नेताहरुले बिहीबार जिल्ला स्थित निर्वाचन कार्यालय पुगेर मनोनयनपत्र दर्ता गराएका हुन् । उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुँदा यो सँख्यामा केही कमी आउने छ ।

एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहाल र अर्का नेता बाबुराम भट्टराईले दुई-दुईवटा क्षेत्रबाट उम्मेदवारी दिनुभएको छ । दाहालले काठमाडौ १० र सिरहा ५ बाट उम्मेदवारी दर्ता गराउनुभएको हो । उहाँले काठमाडौंका लागि आफैं उपस्थित भएर उम्मेदवारी दर्ता गराउनुभयो भने सिरहामा वारेसनामा पठाएउनुभएको थियो । भट्टराईले रुपन्देही ४ र गोरखा १ दुवै क्षेत्रमा आफैं उपस्थित भएर उम्मेदवारी दर्ता गराउनुभयो । त्यस्तै नारायणकाजी श्रेष्ठले मकवानपुर २, पोष्टबहादुर बोगटीले नुवाकोट ३, कृष्ण बहादुर महराले रोल्पा १, वर्षमान पुनले मोरङ ९, अमिक शेरचनले चितवन ५, लिलामणी पोखरेलले काठमाडौं २ र गिरिराजमणी पोखरेलले महोत्तरी १ बाट उम्मेदवारी दर्ता गराउनुभएको छ ।

काँग्रेस सभापति सुशील कोइराला र वरिष्ठ नेता शेरबहादुर देउवाले पनि दुई-दुई क्षेत्रबाट उम्मेदवारी दिनुभएको छ । कोइरालाले बाँके ३ र चितवन ४ बाट तथा देउवाले डडेलधुरा र कैलाली ६ बाट उम्मेदवारी दिनुभएको हो । दुवै नेताले आफैं उपस्थित नभई वारेसनामा मार्फत् उम्मेदवारी दर्ता गराउनुभएको हो । उपसभापति रामचन्द्र पौडेलले तनहुँ २, महामन्त्रीहरु प्रकाशमान सिंह र कृष्ण प्रसाद सिटौलाले क्रमशः काठमाडौं १ र झापा ३, सहमहामन्त्री पूर्णबहादुर खड्काले सुर्खेत १ बाट उम्मेदवारी दिनुभयो । पूर्व महामन्त्री विमलेन्द्र निधिले धनुषा ३, नेताहरु रामशरण महतले नुवाकोट २, अर्जुननरसिंह केसीले नुवाकोट १, बिपी पुत्र शशांक कोइरालाले नवलपरासी १ बाट उम्मेदवारी दर्ता गर्नुभयो । युवा नेताहरु गगन थापाले काठमाडौं ४, शंकर भण्डारीले तनहुँ १, विश्वप्रकाश शर्माले झापा १, उदयशमशेर राणाले ललितपुर १ बाट उम्मेदवारी दिनुभयो ।

एमाले अध्यक्ष झलनाथ खनालले सर्लाही १ र इलाम १ बाट उम्मेदवारी दिनुभएको छ । उहाँले यी दुवै क्षेत्रमा वारेस पठाउनुभएको थियो । वरिष्ठ नेता माधवकुमार नेपालले रौतहट १ र काठमाडौं २ बाट उम्मेदवारी दिनुभएको छ । नेपालले रौतहटमा सबैभन्दा अघि दर्ता गराई दिउँसो काठमाडौं आएर आफैंले मनोनयन दर्ता गराउनुभयो । एमालेका अर्का नेता केपी शर्मा ओलीले आफैं उपस्थित भएर झापा ७ मा उम्मेदवारी दिनुभयो । उपाध्यक्ष वामदेव गौतम प्युठान १ मा दर्ता गरेर बर्दिया १ पुग्नुभएको थियो । महासचिव ईश्वर पोखरेलले काठमाडौंका दशै क्षेत्रको संयुक्त जुलुस नेतृत्व गर्दै नयाँ बानेश्वर पुगेर उम्मेदवारी दर्ता गराउनु भयो । त्यस्तै, एमाले नेताहरु सुभाषचन्द्र नेम्वाङ इलाम २, भीम रावल अछाम १, रघु पन्त ललितपुर ३, सुरेन्द्र पाण्डे चितवन १, प्रदीप ज्ञवाली गुल्मी २, राजेन्द्र पाण्डे धादिङ ३, गोकर्ण विष्ट गुल्मी ३, योगेश भट्टराई काठमाडौं ६, रविन्द्र अधिकारी कास्की ३, यामलाल कँडेलले सुर्खेत २ बाट उम्मेदवारी दिनुभएको छन ।

मधेसी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले मोरङ ५ र सुनसरी ५ बाट उम्मेदवारी दिनुभएको छ । फोरम लोकतान्त्रिकका अध्यक्ष विजय गच्छदारले मोरङ ७ र सुनसरी ३ बाट उम्मेदवारी दिनुभएको छ भने तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुरले सर्लाही ६ बाट र सद्भावनाका अध्यक्ष राजेन्द्र महतोले सर्लाही ४ बाट उम्मेदवारी दिनुभएको छ । तराई मधेश सद्भावना पार्टीका अध्यक्ष महेन्द्र राय यादवले पनि सर्लाही ४ बाटै उम्मेदवारी दिनुभएको छ । राष्ट्रिय

....................बाकी ७ पृष्ठमा

समाज निर्माणमा युवा सहभागिता आजको आवश्यकता: रेग्मी

गल्याङ पोष्ट सम्वाददाता

गल्याङ : पश्चिमाञ्चल विकास क्षेत्रका क्षेत्रीय प्रशासक लोकदर्शन रेग्मीले समाजको विकास निर्माण युवाहरुको सहभागिता अपरिहार्य र महत्वपूर्ण भएको बताउनु भएको छ । स्याङ्जको जगत्रदेवी गाविस वडा नं ८ स्थित गल्याङ युथद्वारा विजया दशमी तथा दिपावलीको पावन अबसर पारेर आयोजना गरेको क्लव स्तरीय खुल्ला भलिबल प्रतियोगिता कार्यक्रमको समापन समारोहमा बोल्दै रेग्मीले स्याङ्जाको क्षेत्र नं ३ विकास निर्माण कार्यमा पछाडी परेको भन्दै गल्याङ चापाकोट सडक पिच, गल्याङ प्रहरी चौकीको स्तरोन्नती, कर्वड हल तथा खेल मैदान निर्माण र धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास निर्माणमा आफूले सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममममा प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर राउत, स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ स्याङ्जाका अध्यक्ष महेन्द्र श्रेष्ठ, काली गण्डकी यातायात व्यवसायी समितिका अध्यक्ष श्याम प्रसाद वस्याल, गल्याङ बजार व्यवस्थापन समितिका अध्यक्ष भेमलाल अर्याल, पि एन फोरका प्रोपाइटर पुरन अधिकारी लगायतले क्लवले

समाजमा पुऱ्याएको योगदानको चर्चा गर्दै क्लवको सफलताको शुभकामना दिनुभयो ।

चार दिन सम्म चलेको प्रतियोगितामा १६ टिमको सहभागिता रहेको थियो ।प्रतियोगितामा पिपल भञ्याङ गुठी प्रथम, गल्याङ युथ समूह (ए) दोस्रो र इलुङ्गा युवा क्लव तेस्रो भएका थिए भने उत्कृष्ट खेलाडी प्रदिप सिंजाली, अनुशासित टिम पिपल भन्ज्याङ गुठीलाई छनौट गरिएको थियो । प्रथम, दास्रो, तेस्रो हुने टिमलाई क्रमशः ३० हजार, २० हजार, १० हजार नगद, शिल्ड, मेडल प्रमाण पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा लोकदोहोरी कलाकारहरु कृष्ण देबकोटा, कृष्ण गुरुङ, कुलेन्द्र विक, जीवन परियार लगायतले गीत प्रस्तुत गर्नुभएको थियो भने स्थानीय कलाकारहरुले नृत्य प्रस्तुत गर्नुभएको थियो । गल्याङ युथका अध्यक्ष जनक श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य अर्जुन बस्याल र सञ्चालन सचिव विष्णु अधिकारीले गर्नुभएको थियो ।

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण सञ्चालक समितिका सदस्यहरु, सेवाग्राही, कर्मचारी साथीहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नन्दलाल बस्याल
अध्यक्ष

एवम्

डा. ऋषि रेग्मी
प्रमुख

मालुङ्गा प्राथामिक स्वास्थ्य केन्द्र परिवार

मालुङ्गा, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

हाम्रा सेवाहरु : तन्दुरी, रोटी, खाना, एटेच बाथरुम, नास्ता, म:म:, चाउमिन,ललिपप, समोसा,साथै गाडी पार्किङ्गको राम्रो सुविधा एवम् ठूलो संख्यामा भ्रमण आउने विद्यार्थीहरुको लागि विशेष सुविधा ।

फोन नं. ०६१६९९०६६,

मोवाईल नं. : ९८४६३८९९५७,९८४६५०१२७४

राजु बस्याल
प्रोपराइटर
एवम्

न्यू हाइवे स्टाफ होटल एण्ड तन्दुरी ढावा

मालुङ्गा स्याङ्जा

जनशक्ति बचत तथा ऋण सहकारी सुभारम्भ

गल्याङ पोष्ट सम्वादाता

गल्याङ : स्याङ्जाको तिनदोबाटे गाविस वडा नं ५ पाठखोलामा स्थापित जनशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शनिबार एक कार्यक्रमका बिचमा उद्घाटन गरियो ।

सहकारीको उद्घाटन गर्दै वालिङ उद्योग वाणिज्य संघका अध्यक्ष तथा राष्ट्रिय सहकारी बैंक स्याङ्जा शाखाका संयोजक पुण्य प्रसाद अर्यालले ग्रामिण क्षेत्रमा छरिएर रहेको पुंजीलाई एकत्रित गर्ने र सानो लगानीवाट सानातिना घरेलु र कुटिर उद्योग सञ्चालन गर्दा समाजको रुपान्तरणमा सहयोग पुग्ने बताउनु भयो ।

कार्यक्रममा जनहित बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष भूपराज अधिकारी, वालिङ उद्योग वाणिज्य संघका वालिङका वरिष्ठ उपाध्यक्ष अर्जुन प्रसाद खनाल, जिल्ला सहकारी संघकी सदस्य कविता गैह्रे, जिल्ला विकास समिति स्याङ्जाका प्राविधिक बोधराज गैह्रे, शिवशक्ति प्राथमिक विद्यालयका प्रअ पदम पाठक, मिलन दुग्ध उत्पादन सहकारीका अध्यक्ष रुक्मागत पाठक, गरिमा विकास बैंक पर्वत शाखा प्रबन्धक नवराज पौडेल, उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेडका महाप्रबन्धक बमबहादुर नेपाली, शेयर सदस्य आनन्द पाठक लगाएतले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

जनशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष यज्ञ प्रसाद पाठकको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य शेयर सदस्य दिपेन्द्र गैह्रे र सञ्चालन सचिव पूर्णचन्द्र गौतमले गुर्न भएको थियो ।

लोकवाणी

"थोरै अभ्यास धेरै उपदेश भन्दा राम्रो हुन्छ ।"

महात्मा गान्धी

सम्पादकीय

शुभ होस दशैं

१.नेपालीहरुको महान चाड वडादशैं यस बर्षपनि आईपुगेको छ । वडादशैंको परम्परागत, धार्मिक एवं साँस्कृतिक महत्वको वारेमा चर्चा त अवश्य पनि हुने छ । नेपालीहरुले आफ्नो परम्परा र अनुकुलता अनुसार दशैं मनाउने छन । दशैंलाई स्वागत गर्दै गर्दा र शुभकामना दिंदै गर्दा सामाजिक र राष्ट्रिय विषयहरुमा रहेका आम चासोलाई चटक्क विर्सन भने हुँदैन ।

२.दशैंलाई पारस्परिक भाईचारा र सद्भभावको विकास गराउने पर्व तथा असत्य माथि सत्यको विजयको रुपमा लिने धार्मिक, सांस्कृतिक परम्परा अनुसार पनि यो दशैंले व्यक्ति आँफै भित्र रहेका विकृति, व्यक्ति–व्यक्ति विच रहेका पारस्परिक वेमेल तथा समग्र देशको अवस्थामा रहेको विकृति विसंगति हटाएर उल्लासपूर्ण, न्यायपूर्ण, सद्भभावपूर्ण वातावरणको सृजना गर्न सकोस भन्ने अपेक्षा गर्न सकिन्छ ।

३.दशैंमा अनावश्यक रुपमा बजार भाउ आकाशिने, दशैं मनाउने सन्र्दभमा हुने कतिपय फजुल र आडम्वरपूर्ण व्यवहार तथा दशैंको फुर्सदमा मौलाउने जुवातास जस्ता विकृतिलाई सामाजिक रुपमा परास्त गर्न जरुरी छ । सवैले दशैं मनाउन सक्ने, दशैंलाई वोझको रुपमा लिन नपर्ने अवस्था सिर्जना गर्ने र फुर्सदको समयलाई रचनात्मक कार्यमा खर्च गर्ने बानीको विकास गर्न जरुरी छ ।

४.देशमा दोस्रो संविधान सभाको निर्वाचनको पक्ष र विपक्षका गतिविधि तीव्र भएका छन । यी परस्पर विरोधी गतिविधिले यो दशैंमा गाउँ फर्कने देशदेविदेशमा रहेका नेपाली दाजुभाई दिदीबहिनीहरुमा अन्यौल र चिन्ता थप्ने छ । संसारका विभिन्न देशमा जोखिमपूर्ण काम गरेर दशैं मनाउन घर फर्कदा राजनैतिक दलहरुको यो चाला देख्दा निराश हुनुपर्ने अवस्था हुन नदिन निर्वाचनमा सबै सामेल हुने अवस्थाको लागि थप पहल गर्न जरुरी छ । निर्वाचनका पक्ष र विपक्षमा होईन सवैको सहभागिताको निर्वाचनमा सबै पार्टी भोट माग्न हिंडेका हेर्ने जनताको अपेक्षा छ भन्ने कुरामा कसैको विमति नहोला ।

५.नवदुर्गाको समयमै कोरियन भाषा परीक्षाको कार्यक्रम परेकाले देश भरका युवा परीक्षाका लागि काठमाण्डौं तिर लागेका छन । कोरियन भाषा परीक्षाको कारण कलेजका परीक्षाहरुमा सामेल हुने परीक्षार्थीको संख्यामा अप्रत्यासित कमी आएको समाचारहरु आएका छन । देशको र ाजनितिको ठेक्का लिएकाहरुले युवालाई चुनावमा लाठी बोक्ने वस्तुको रुपमा प्रयोग गर्ने तर युवाको रोजगारी र देशभित्रै उज्वल भविष्यको ढोका नखोल्दिएका कारण नेपाली युवाहरु यसरी चाडपर्वनै छाडेर विदेशिने अभियानमाा लागेको कुरामा दुईमत नहोला । अमेरिका सरकारले खोलेका सन २०१५ को डिभि भर्ने स्थानहरुमा थप भिड लाग्ने छ । सम्बन्धित पक्षको यस बिषयमा ध्यान जान जरुरी छ ।

६.यी र यस्तै विषयहरुमा विजया दशमी २०७० ले सकारात्मक सुधार ल्याओस । समस्त दाजुभाई दिदीवहिनीमा सुस्वास्थ्य, दीर्घायू, र सफलताको शुभकामना ।

सातको राशिफल

मेष राशि (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) :
शारीरिक सौन्दर्यमा वृद्धि हुनेछ । आयआर्जनमा अवरोध आउला । अध्ययन- अध्यापनमा खासै रुची नरहला । वैदेशिक यात्राको योग छ ।

वृष राशि (इ,उ,ए,ओ,वि,वु,वे,वो) :
सन्तानबाट सहयोग पाइनेछ । दाम्पयत्य जीवनमा अविश्वास बढ्ने देखिन्छ । पठनपाठनमा मन लाग्नेछ । आम्दानीका स्रोत बढ्नेछन् ।

मिथुन राशि (क,कि,कु,घ,ङ,छ,के,को,ह):
मनमा उत्साह र हर्ष बढ्नेछ । सामाजिक कार्य गर्ने अवसर मिल्नेछ । घरमा मांगलिक कार्य हुनेछ ।

कर्कट राशि (हि,हु,हे,हो,डा,डु,डे,डो):
सन्तान प्राप्तीको योग छ । साताको उतार्द्धमा साहित्यिक अध्ययनमा रुचि बढ्नेछ । स्वास्थ्य प्रतिकूल रहनेछ ।

सिंह राशि (मा,मि,मु,मे,मो,टा,टि,टु,टे):
व्यावसायिक कार्यमा परिवर्तनको योग छ । न्यायिक क्षेत्रमा विवाद उत्पन्न हुनेछ । मनोरञ्जनमा रुचि बढ्नेछ ।

कन्या राशि : (टो,टा,पि,पू,ष,ण,ठ,पे,पो)
शारीरिक दुर्वलता बढ्ने देखिनछ । सभासम्मेलनमा भाग लिने मौका पाइएला । छोटो यात्राको योग छ ।

तुला राशि (रा,रि,रू,रे,रो,ता,ति,तु,ते)
आय आर्जनका नयाँ स्रोत फेला पर्नेछन् । कृषिकार्यमा प्रशस्त लाभ हुनेछ । दायाँतिरका अँगमा चोटपटक लाग्न सक्ने छ ।

वृश्चिक राशि (तो,ना,नि,नु,ने,नो,या,यि,यू)
मायालुसँग सम्बन्ध झन् प्रगाढ बन्नेछ । आय आर्जनमा खासै सुधार नआउला, बैदेशिक यात्राको योग छ ।

धनु राशि (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)
सन्तानको सहयोगले विशिष्ट कार्यको थालनी हुनेछ । यात्रामा आकस्मिक लाभ हुनेछ । पैतृक सम्पत्तिको सुख प्राप्त हुनेछ ।

मकर राशि (भो,जा,जी,जू,ख,खि,खु,खे,खौ,गा,गी)
परीक्षामा सफलता मिल्नेछ । अचल सम्पत्तिको कारोबारमा लाभ मिल्ला । साहित्य लेख तथा रचनात्मक कार्यमा मन लागनेछ ।

कुम्भ राशि (गु,गे,गो,सा,सी,सु,से,सो,दा)
बोलीको प्रभाव बढ्ने हुदाँ शत्रुहरुमा बशमा पर्नेछन् । दाजुभाईको सम्बन्ध चिसिएला, साताको मध्यमा पुरस्कार आदि पाइने योग छ ।

मीन राशि (दी,दु,य,झ,अ,दे,दो,चा,ची)
स्वास्थ्यमा सुधार आउनेछ । दाम्पतय जीवन सुखमय रहनेछ । पठनपाठनमा सुरधार हुनेछ । रमाइलो र छोटो यात्रा हुन सक्ला ।

जनसङ्ख्या व्यवस्थापन : आजको मूख्य चूनौती

ऋषिराम भण्डारी

जनसङ्ख्या व्यवस्थापन आजको विश्व समुदायको साझा मुद्धा हो । खासगरी संसारका अति कम विकशित देशहरु र विकासशिल देशहरु तीव्र जनसङ्ख्या वृद्धि र अति विकसित देशहरु जनसङ्ख्या ह्रासको समस्याबाट गुज्रिएर स्रोत, साधन, सेवा सुविधाको सन्तुलन कायम गर्न नसकेको वर्तमान सन्दर्भमा उपलब्ध सेवा सुविधा, स्रोत र साधनको जनसङ्ख्या संग सन्तुलन कायम गर्नु नै जनसङ्ख्या व्यवस्थापन हो । नेपालको सन्र्दभमा जन्मदर, मृत्यूदर तथा आन्तरिक र बाहय बसाइसराइमा अव्यवस्थित र अनपेक्षित किसिमबाट उतार चढाव आउँदा जनसंङख्या व्यवस्थापन अझ जटिल र चुनौतिपूर्ण देखिएको छ । नेपालको पछिल्लो जनगणना २०६८ को नतिजा अनुसार सबै भन्दा बढी काठमाण्डौ जिल्लाको जनसंख्या १७ लाख ४४ हजार २ सय ४० र सबैभन्दा कम मनाङ जिल्लाको जनसंख्या ६ हजार ५ सय ३८ रहेको देखिन्छ । २०५८ सालको तथ्याङ्कलाई आधार लिंदा काठमाण्डौ मा ६१.२३ प्रतिशतले जनसंख्या बढेको स्थिति छ । वार्षिक वृद्धिदर हेर्दा काण्डमाण्डौको जनसंख्या प्रति वर्ष ४.७८ प्रतिशतले वढेको देखिन्छ भने मनाङको जनसंख्या वार्षिक ३.८३ प्रतिशतले घट्दै गइरहेको देखिन्छ ।

१८० जना प्रतिवर्गकिमी जनघनत्व रहेको हाम्रो देशको काठमाण्डौ जिल्लाको जनघनत्व ४४१६ जना प्रति वर्गकिमी छ भने मनाङ जिल्लाको जनघनत्व ३ जना प्रतिवर्ग किमी रहेको छ । दोस्रो यो जना कालमा पूर्नवास कम्पनीको स्थापना गरी तराई क्षेत्रमा बसाइसर ाइको आकषर्ण वृद्धि गरिएको नेपालको एक चौथाइ भन्दा कम करिव २३ प्रतिशत भूक्षेत्र ओगटे को तराई प्रदेशमा २०६८ सालको आँकडा अनुसार कूल जनसंख्याको ५०.२७ प्रतिशत जनसख्या रहेको स्थिति छ। यस प्रकारको उथलपुथलले नेपालका विकट, दुर्गम र ग्रामिण वस्ती क्षेत्रहरु जनसंख्या विहिन हुने र सहरी र सुविधा सम्पन्न ठाउँहरुमा मात्र जनसंख्या केन्द्रित भई एकातिर स्रोत साधनको परिचालन हुन नसक्ने तथा अर्को तर्फ अभावै अभाव हुने स्थिति स्पष्ट चित्रित भएको छ ।

राष्ट्रिय जनगणना २०६८ सालको नतिजा अनुसार नेपालका १९ लाख ३१ हजार ४ सय ९४ जना यूवाशक्ति रोजगारीका सिलसिलामा विदेशमा रहेको स्थिति छ जवकी २०५८ सालमा यो संख्या ७ लाख ६२ हजार १ सय ८१ रहेको थियो । हाल यो संख्या करिव २५ लाख नाघिसके को अनुमान छ । यसरी अर्न्तराष्ट्रिय बसाइसराइको प्रकृयाबाट उर्वर यूवाशक्ति पलायन भई देशको स्रोत साधन परिचालनको स्थिति निकै ह्रासोन्मुख छ । यसरी आन्तरिक र बाह्य दुवै प्रकृतिका बसाइसराईले नेपालको जनसंख्या परिवर्तनको स्थिति नाटकीय बनाईरहेको छ ।

खासगरि ६० को दशकमा विश्वव्यापी रुपमा स्वास्थ्य सेवा सुविधाको सुधारबाट मृत्युदरमा कमी आएको, भारतसंगको खुल्ला सिमानाका कारण उच्च आप्रवासन भएको र जन्मको उच्चदर नियन्त्रण नभएका कारण नेपालको जनसंख्या निरन्तर वढ्दै आएको हो । त्यस्तै गरिबी, अशिक्षा, समाजमा महिलाको कमजोर स्थिति, सानो उमेरमा विवाह, परिवार नियो जन प्रतिको नकारात्मक धारणा र अपर्याप्तता, प्रजनन तथा यौन स्वास्थ्य सेवा सुविधाको अभाव आदि नेपालको जनसंख्या तीव्र वृद्धिका कारक तत्वहरु हुन ।

वढ्दै गइरहेको जनसंख्यालाई आवश्यक पर्ने सेवा सुविधाहरु व्यवस्थित रुपमा जुटाउनु र स्रोत साधनको समूचित परिचालन गरी रोजगारीका अवसरहरु सृर्जना गदै यूवाजनशक्तिको विदेश पलायन नियन्त्रण गर्नु समेत आज चुनौतिपूर्ण देखिएको छ । एकातिर जनतामा विद्यमान अन्धविश्वास र चेतनाको अभावका कारण आर्थिक, सामाजिक क्षेत्रको विकास हुन सकेको छैन भने अर्को तर्फ दशकौं देखिको राजनितिक अस्थिरताका कारण राज्यले एक स्थिर र व्यवस्थित जनसंख्या नीति समेत अवलम्बन गर्न सकेको छैन । उल्लेखित स्थितिकै कारण करिव १ चौथाइ नेपाली जनता निरपेक्ष गरीवीको रेखा मुनि साँझ विहान के खाउँ, मौसम फेरियो के लगाउँ र हुरी आयो कहाँ बसौं को स्थितिवाट गुज्रिरहेका छन ।

जनसंख्या व्यवस्थापनका लागि मुख्यत जन्मदरमा कमी ल्याई सानो र सुखी परिवार निमार्ण गर्नु पर्ने भएकाले राज्यले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जनसंख्या व्यवस्थापनका नीतिहरु अवलम्वन गर्नु पने स्थिति सृर्जना भएको छ । अको विकट र दुर्गम क्षेत्र केन्द्रीत गरी विकास क्रियाकलाप सञ्चालन गरी वसाइसराई व्यवस्थित गर्नु आजको नेपालको आवश्यकता हो किनकी तिव्रजनसंख्या वृद्धि नेपालको मुख्य समस्या भन्दै पढिरहेका दुर्गम वस्तीका नेपालीहरुका गाउँ, समुदाय, वस्ती र जिल्लाहरु तीव्र जनसंख्या ह्रासका समस्याबाट ग्रसित बन्दै गइरहेका छन् । गाउँवस्तीहरु केवल वृद्धवृद्धा, महिला, अशक्त, बालवालिका र गरीव समुदायका दिनचर्या विताउने स्थलका रुपमा रुपान्तरित हुदै गइरहेका छन् ।

समग्रमा देशको जनसंख्या व्यवस्थापनका लागि मूख्यतया जन्मदरमा कमी ल्याइ सानो सुखी र गुणस्तरीय आदर्श परिवार निमार्ण गर्ने, उपयुक्त उमेरमा विवाह गर्ने, परिवार नियोजन कार्यक्रम व्यवस्थित गर्ने, सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा महिलाहरुको भूमिका सशक्त बनाउदै योजनावद्ध पारिवारीक जीवन निमार्णमा उनीहरुको सहभागिता र पहुच वृद्धि गर्ने दिशाातर्फ केन्द्रित हुनु आजको आवश्यकता हो । जसबाट संयोगले होइन चाहनाले सन्तान जन्माउ भन्ने नारा साकार हुन सक्छ भने शिक्षा र चेतनाको स्तर अभिवृद्धि गरी बेरोजगार यूवाशक्तिलाई देशको श्रोत साधन सापेक्ष दक्ष जनशक्तिमा रुपान्तरण गर्न सके मात्र दीर्घकालीन रुपमा जनसंख्या व्यवस्थापन स्थिर र अर्थपूर्ण हुन सम्भव हुन्छ । लैंगिक समानता, गरिवी निवारण, आर्थिक वृद्धि, महिला शिक्षा, सीप विकास तालिम जस्ता जनसंख्या व्यवस्थापनसंग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने विषयहरुको सन्तुलित व्यवस्थापन गर्दै राज्यले सार्वजनिक नीतिमा उल्लेखित पक्षहरुको समूचित समायोजन गर्नु आजको आवश्यकता हो । सरोकार वाला सरकारी, गैरसरकारी, निजी निकायहरुबीच एकीकृत रुपमा सन्तुलन र सहभागिताका आधार मा नीति निमार्ण, कार्यान्वयन र मूल्याङ्कन गरी जनसंख्या व्यवस्थापन गर्न सके प्राकृतिक स्रोत साधनले भरिपूर्ण नेपाल विश्वको सानो तर विकशित राष्ट्रमा सूचिबद्ध हुन सक्ने भएकाले जनसंख्या व्यवस्थापनबाट नयाँ नेपाल निमार्णको अभियान आरम्भ गर्नु जरुरी छ । त्यसैले जनसंख्या व्यवस्थापन आजको नेपालको चुनौती र विकसित नेपाल निमार्णको उद्‌गम विन्दु पनि हो ।

(लेखक गल्याङ बहुमुखी क्याम्पसमा जनसंख्या विषय प्राध्यापन गर्नुहुन्छ ।)

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण व्यवस्थापन समितिका सदस्यहरु, अभिभावकहरु, शिक्षक कर्मचारी साथीहरु, विद्यार्थीहरु एवं देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गोकृष्ण पाण्डेय
अध्यक्ष

इश्वरी प्रसाद ढकाल
प्रधानाध्यापक

एवम्
नवदुर्गा प्रा.वि. परिवार
पेलाकोट-९, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण सदस्यहरु, शुभचिन्तकहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डोल बहादुर थापा
अध्यक्ष

कृष्ण कामु
सचिव

एवम्
नेपाल मगर युवा संघ एकाई समिति गल्याङ परिवार
गल्याङ बजार स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्यहरु, सञ्चालक समितिका सदस्यहरु, अभिभावकहरु, शिक्षक कर्मचारी साथीहरु, विद्यार्थीहरु एवं देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रेमराज श्रेष्ठ
अध्यक्ष

टेक बहादुर खत्री
प्रिन्सिपल

एवम्
चिराग आवसीय उ.मा.वि परिवार
गल्याङ, स्याङ्जा

दसैंमा घर फर्कनेको घुँइचो

लाखौंको टिकट बुकिङ्

गल्याङ पोष्ट साप्ताहिक

काठमाण्डौं : हिन्दू नेपालीहरुको मुख्य पर्व दसैंका लागि दैनिक हजारौं यात्रुहरु काठमाण्डौंबाट बाहिरिन थालिसकेको ट्राफिक प्रहरीले जनाएको छ । यातायात व्यवसायीले असोज १ देखि राजधानीका विभिन्न १२ स्थानबाट टिकट बुकिङ गरिरहेका छन् । यस बाहेक असंगठित क्षेत्रबाट भइरहेको बुकिङ र बस रिजर्भ तथा निजी सवारीमार्फत बाहिरिने को संख्या सोही हाराहारीमा रहेको अनुमान ट्राफिक प्रहरीको रहेको छ ।

असोज १ देखि बिहीबारसम्म टिकट बुकिङ गराउनेको संख्या १ लाख २६ हजार ५ सय ७२ पुगेको महानगरीय ट्राफिक प्रहरी महाशाखा प्रमुख डिआईजी केशव अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार पूर्व तर्फ जान ८१ हजार ४ सय ५७ र पश्चिम तर्फ ४५ हजार १ सय १२ टिकट बुकिङ भएका छन् ।

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण सवाधरीधनीहरु, यात्रुवर्गहरु, कर्मचारी साथीहरु र देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्याम प्रसाद बस्याल
अध्यक्ष
एवम्
विष्णु अधिकारी
कार्यालय व्यवस्थापक

कालीगण्डकी यातायात व्य.स. परिवार
गल्याङ बजार स्याङ्जा

पिंडीखोलामा चौथो टाम्केकोट कप भलिबल प्रतियोगिता हुँदै

गल्याङ पोष्ट सम्वाददाता

पिंढीखोला : पश्चिम स्याङ्जाको पिंडीखोलामा विभिन्न रचनात्मक गतिविधि मार्फत मौलिक भाषा, कला सस्कृति तथा स्थानिय युवाहरुलाई विकास निमार्णमा प्रेरित गर्न विभिन्न कार्यक्रमहरु सन्चालन गर्दै आइरहेको पिडीखोला -७, सल्यान गाँउ स्थित जनमुक्ति युवा क्लवले वडादशैंको अवसर पारी चौंथो टाम्केकोट कप भलिबल प्रतियोगिता तथा विविध सास्कृतिक कार्यक्रम आयो जना गर्ने भएको छ । असोज २४ गतेबाट सुरुहुने प्रतियोगितामा जिल्ला भित्र र बाहिरको गरी करिव १५ क्लवहरुको सहभागिता रहने आयोजकले जनाएका छन । असोज २२ र २३ गते टिम दर्ताको समय राखिएको छ । टाम्केकोट कप बिजेताले बोका, शिल्ड, मेडल तथा प्रमाणपत्र, उपबिजेताले पाठो, शिल्ड, मेडल तथा प्रमाणपत्र, र तेस्रो स्थान प्राप्त गर्नेले भाले, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । साथै उत्कृष्ट खेलाडीले आकर्षक पुरस्कार हात पार्नेछन् । क्लवले २०६७ सालमा ऐतिहासिक टाम्केकोट महोत्सवको अवसर पारी प्रथम टाम्केकोट कप भलिबल प्रतियो गिता आयोजना गरेको र छिमेकी क्लवहरु बिच आपसी भाईचारा बढाउनको लागि प्रतियोगितालाई निरन्तरता दिईएको जनमुक्ति क्लवले जनाएको छ ।

जानकी उच्च माविका भूपू विद्यार्थीको पहिलो पूर्नमिलन समारोह हुने

गल्याङ् पोष्ट सम्वाददाता

पक्वादी : स्याङ्जाको पकवादी गाविस वडा नं ४ स्थित जानकी उच्च माविका भू.पू. विद्यार्थीहरुको आयोजनामा भूतपूर्व विद्यार्थीहरुको पहिलो पुर्नमिलन समारोहको आयोजना हुने भएको छ । विद्यालयलमा शिक्षा हासिल गरेर देश विदेशका विभिन्न ठाउँमा कार्यरत रहेको र नियमित भेटघाटको अभावले एउटै विद्यालयका साथीभाइ संगको चिनजान समेत कम हुने स्थिति रहको हुँदा सम्वन्ध नविकरण गरी समधुर पार्नुको साथै विद्यालयको विकासमा टेवा पुऱ्याउने उद्देश्यले असोज २५ गते फूलपातीको दिन भूतपूर्व विद्यार्थीको पूर्नमिलन समारो हको आयोजना गरिएको भूतपूर्व विद्यार्थी तथा पश्चिमाञ्चल क्षेत्रीय कृषि निर्देशनालय पोखराका लेखा अधिकृत विष्णु खनालले जानकारी दिनुभयो ।

विभिन्न विद्यालयमा स्वागत तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

गल्याङ पोष्ट सम्वाददाता

गल्याङ : स्याङ्जाको जगत्रदेवी गाविस वडा नं ८ स्थित भानुभक्त आचार्य उच्च मावि र तुलसी भञ्याङ गाविस वडा नं ५ स्थित गल्कोट उच्च माविमा बडादशैं तथा तिहारको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो ।

भानुभक्त आचार्य उमाविको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण मोहन भूषालले विद्यालयको पहिचान शैक्षिक गुणस्तरवाट हुने भएकाले त्यस तर्फ ध्यान दिनु पर्नेमा जोड दिनुभयो । प्रधानाध्यापक कृष्ण प्रसाद शर्मा न्यौपाने, शिक्षक श्यामलाल रिजाल, विद्यार्थी बिपना सापकोटा, दिपेन्द्र भट्टराई लगायतले शुभकामना व्यक्त गर्नुभयो । विद्यार्थी ललिता सुवेदीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन विद्यार्थी सुदर्शन रेग्मीले गरेको विद्यालयका शिक्षक ध्रुब पराजुलीले जानकारी दिनुभयो ।

त्यसै गरी गल्कोट उच्च माविको कार्यक्रममा बोल्दै विद्यालयका प्राचार्य परसुराम भट्टराईले विद्यार्थीमा अनुशासन र सकारात्मक सोंच भए मात्र शैक्षिक गुणस्तर राम्रो हुने बताउँदै त्यसतर्फ लाग्नुपर्ने बताउनु भयो । कार्यक्रममा विद्यालयका शिक्षक लिलाबल्लौ अर्याल, नर्बदेश्वर प्रसाद मिश्र, मणिप्रसाद पंगेनी, बालिका गौडेल लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो। विद्यार्थी दिलिप अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन विद्यार्थी चन्द्रकला सापकोटाले गर्नुभएको थियो ।

मालुङ्गामा कक्षा १२ ले ११ लाई स्वागत गऱ्यो

उता सार्वजनिक उमावि मालुंगाका कक्षा १२ का विद्यार्थीले ११ कक्षामा आएका नयाँ विद्यार्थीलाई स्वागत गरेका छन । यस वर्ष कक्षा ११ मा ४२ जना नया विद्यार्थी भर्नाभएका छन । कक्षा १२ कि विद्यार्थी बन्दना सिंजालीको सभापतित्वमा संचालन भएको कार्यक्रममा विद्यालयमा प्राचार्य गोपाल भट्टराईले नयाँ विद्यार्थीहरुले लगनशिल र अनुशासित भएर अध्ययन गर्नुपर्ने बताउनु भयो । शिक्षकहरु कृष्णप्रसाद न्यौपाने र दामोदर बस्यालले संयोजन गरेको कार्यक्रममा कविता बस्यालको समूहले गीत तथा लक्ष्मी बश्यालले मन्तव्यबाट नयाँ विद्यार्थीको स्वागत गर्नुभएको थियो । स्वागत समारोहमा विभिन्न सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण निवुवाखर्क गाविसवासीहरु, सेवाग्राही, शुभचिन्तकहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोट : जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेदजस्ता घटना ३५ दिनभित्र निःशुल्क दर्ता गरी सहयोग गर्नुहोस् ।

इन्द्रमणि ढकाल
सचिव
एवम्
निवुवाखर्क गाविस परिवार
निवुवाखर्क गाविस, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण पकवादी गाविस वासीहरु, सेवाग्राही, शुभचिन्तकहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोट : जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेदजस्ता घटना ३५ दिनभित्र निःशुल्क दर्ता गरी सहयोग गर्नुहोस् ।

मनिराम भट्टराई
सचिव
एवम्
पकवादी गाविस परिवार
पकवादी गाविस, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण तुलसीभञ्ज्याङ गाविस वासीहरु, सेवाग्राही, शुभचिन्तकहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोट : जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेदजस्ता घटना ३५ दिनभित्र निःशुल्क दर्ता गरी सहयोग गर्नुहोस् ।

ढाल बहादुर के.सी.
सचिव
एवम्
तुलसीभञ्ज्याङ, गाविस परिवार
तुलसीभञ्ज्याङ, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्यहरु, कृषक, सेवाग्राही, कर्मचारी साथीहरु देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टेकलाल भण्डारी
अध्यक्ष
एवम्
कालीगण्डकी कृषि उपज केन्द्र परिवार
पकवादी गाविस १ र २, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण पेलाकोट गाविसवासीहरु, सेवाग्राही, शुभचिन्तकहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोट : जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेदजस्ता घटना ३५ दिनभित्र निःशुल्क दर्ता गरी सहयोग गर्नुहोस् ।

खडानन्द मरासिनी
सचिव
एवम्
पेलाकोट, गाविस परिवार
पेलाकोट, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण जगत्रदेवी गाविसवासीहरु, सेवाग्राही, शुभचिन्तकहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोट : जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेदजस्ता घटना ३५ दिनभित्र निःशुल्क दर्ता गरी सहयोग गर्नुहोस् ।

रमण गिरी
सचिव
एवम्
जगत्रदेवी गासिव परिवार
जगत्रदेवी गाविस, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण व्यवस्थापन समितिका सदस्यहरू, अभिभावकहरू, शिक्षक कर्मचारी साथीहरू, विद्यार्थीहरू एवं देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

कृष्णमोहन भूषाल
अध्यक्ष
एवम्
कृष्ण प्रसाद शर्मा
प्राचार्य

भानुभक्त आचार्य उ.मा.वि परिवार
गल्याङ बजार स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण सञ्चालक समिति एवं साधारण सदस्यहरु, अभिवावक, प्राध्यापक कर्मचारी साथीहरु, विद्यार्थीहरु एवं देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

लाल गोपाल अर्याल
अध्यक्ष

एवम्

गल्याङ बहुमुखी क्याम्पस परिवार
गल्याङ बजार स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण व्यवस्थापन समितिका सदस्यहरू, अभिभावकहरू, शिक्षक कर्मचारी साथीहरू, विद्यार्थीहरू एवं देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

खिमानन्द गैहे
अध्यक्ष
एवम्
सूर्य प्रसाद पाण्डे
प्रधानाध्यापक

कोपिला प्रा.वि परिवार
निवुवाखर्क -८, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण व्यवस्थापन समितिका सदस्यहरू, अभिभावकहरू, शिक्षक कर्मचारी साथीहरू, विद्यार्थीहरू एवं देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

इव कर्माचार्य
अध्यक्ष
एवम्
तोयानाथ ज्ञवाली
प्राचार्य

शिवालय उ.मा.वि. परिवार
जगत्रदेवी ३, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण व्यवस्थापन समितिका सदस्यहरू, अभिभावकहरू, शिक्षक कर्मचारी साथीहरू, विद्यार्थीहरू एवं देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

डिलमाया थापा
अध्यक्ष
एवम्
निम प्रसाद सुवेदी
प्राचार्य

शिशुकल्याण उ.मा.वि परिवार
पेलाकोट, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्यहरू, सञ्चालक समितिका सदस्यहरू, अभिभावकहरू, शिक्षक कर्मचारी साथीहरू, विद्यार्थीहरू एवं देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

भेक प्रसाद श्रेष्ठ
अध्यक्ष
एवम्
कृष्ण बहादुर सिंजाली
प्रिन्सिपल

नेशनल गोल्डेन फ्यूचर इ.बो. स्कूल परिवार
तिनदोबाटे ९, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्यहरू, सञ्चालक समितिका सदस्यहरू, अभिभावकहरू, शिक्षक कर्मचारी साथीहरू, विद्यार्थीहरू एवं देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

यज्ञमूर्ती न्यौपाने
अध्यक्ष
एवम्
चेतनारायण न्यौपाने
प्रिन्सिपल

कालीगण्डकी बोर्डिङ स्कूल परिवार
मिर्मी, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण व्यवस्थापन समितिका सदस्यहरू, अभिभावकहरू, शिक्षक कर्मचारी साथीहरू, विद्यार्थीहरू एवं देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

श्याम प्रसाद भण्डारी
अध्यक्ष
एवम्
होमकान्त गौतम
प्रधानाध्यापक

महेन्द्र दर्शन मा.वि परिवार
तिनदोबाटे १ हटिया, स्याङ्जा

सातको साहित्य

शुभकामना शुभकामना शुभकामना शुभकामना

गरुन कालीले रक्षा, भगवतीको प्रार्थना
शुभकामना.......................... ३

मनको इच्छा पूरा होओस, गरिबीले छाड्दै जाओस्
लम्कोस प्रगति पथमा, सधै जीवन खुशी छाओस
हातमा जमरा फूलको माला, लिएर गर्छु कामना
भगवतीले गरुन रक्षा, यही छ शुभकामना
शुभकामना ३

शत्रु नलागोस कहिल्यै, जीवन रमी रमाई
विध्नबाधा नआओस कहिल्यै, भन्छु दीप समाई
यात्रा सफल होस जानु जहाँ छ, मेरो यही चाहना
टीका लगाई जमरा दिन्छु, भन्दै शुभकामना ।
शुभकामना ....३ ।

नेताहरु लडेलडून, जनता सब मिली बसौं
बलभद्र र भक्ति थापा झै राष्ट्रियतामा अडिग रहौं
फाली मनको विचार मैलो, स्वच्छ मनको चाहना
सद्भाव र सद्भक्ति देउन यही छ मनको कामना
शुभकामना .... ३ ।

जे.पी. शर्मा
गल्याङ बजार

पाप

सौ हजार लाखौं कति पाप गरें
यो भवसागर बाट नत पारी तरें
जिन्दगी भरै म भौंतारी आएँ
आजै मात्र पो बल्ल होस् पाएँ
के कस्ता छलकपट गरें हौंला
अब कसरी पो मोक्ष पाउँला
कति प्राणीलाई हिंसा गरे
कति धेरै बली तड्पाई मारें
धर्मैहुन्छ भन्दै कति बली दिएँ
देवीको नाम बेची स्वाद मात्र लिएँ
उता कुलदेवीलाई बली चढाएँ
धर्मै हुन्छ भन्दै प्राणी सताए
के गर्दा पापहुन्छ के गर्दा धर्म
जान्दै नजान्दा बल्ल भो सर्म
अब जान्नु पर्छ हामी सबैले
नगरौं यस्तो पाप अब कसैले
यी सबै नोट भएको छ वहाँ
त्यसै उम्कन पाइएला र कहाँ
अब त भवसागर तर्नलाई
के जुक्ती होला र हे दाजुभाई
दिनुस प्रभु ज्ञान यो मुर्खलाई
नरक गति बाट स्वर्ग जानलाई
अब त हे इश्वर पार लगाऊ
यो भवसागर बाट माथी उठाउ

इन्द्रप्रसाद बस्याल
महालिंगधाम मालुंगा-३
शिवचोक

प्रिय साथी

जाँदैछु साथी छाडेर आज तकदिरले हारेर,
आत्माका मेरा हृदय प्रेमी मित्रलाई छोडेर,

के गर्ने मित्र निस्ठुरी दैव आएर बोलायो
अनन्तबाट आएर छोयो यो दिल टोलायो

ति मेरी आमा ति मेरा बाबु सबैलाई छोडेर
आत्मामा आगो दन्कियो आज मुटुनै फोडेर

नरोई बसे हे मेरा मित्र दु :खीलाइ सम्झेर
नमाने दु :ख कहिल्यै साथी बिछोड भो भनेर

अहिलेलाई यति हे मेरा मित्र स्वर्गमा भेटौला
दु :ख र पिर बाँकिको माया उहीं गइ भेटौला

जादैछु साथी छोडेर संसार बिरानो ठाउँमा
अपिर्देउ साथी एकमुठी पानी साथीकै नाउँमा

शुनिल पाण्डेय
मालुंगा-८,स्याङगजा

तपाईको लेख, रचना, कविता, कथा, लघुकथा, गजल, भावना, मुक्तक पठाउनुहोस् ।
गल्याङ पोष्ट साप्ताहिक
(गल्कोट चश्मा पसलभएको घरमा)
सम्पर्क इमेल ठेगाना
galyangpost@gmail.com,
galyangpost@yahoo.com

चाडपर्वमा अनावश्यक तडकभडक नगरौ ।
सौहाद्रपूर्ण र मितव्ययी ढंगले मनाऔ ।
सभ्य समाजको निर्माण गरौं ।
जनहितका लागि गल्याङ पोष्टको अनुरोध

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण सञ्चालक समितिका सदस्यहरु, शेयर सदस्यहरु, सेवाग्राही, कर्मचारी साथीहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रितम खड्का
अध्यक्ष
एवम्
राजिव खनाल
प्रबन्धक

कालीगण्डकी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
गल्याङ बजार स्याङ्जा

गल्याङमा समसामयीक विषयमा अन्तरक्रिया सम्पन्न

गल्याङ पोष्ट सम्वाददाता

गल्याङ : स्याङ्जाको जगत्रदेवी गाविस वडा नं ८ स्थित प्रहरी चौकी गल्याङको आयोजनामा विजया दशमी तथा दिपावलीको पावन अवसर पारेर स्थानिय गल्याङ बजार व्यवस्थापन समितिको सभाहलमा प्रहरी नायव निरीक्षक जगदिश प्रसाद प्रजापतीको स्वागत तथा समसामयीक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्ने बक्ताहरुले चाडपर्वमा विशेष सुरक्षा व्यवस्था मिलाउनु पर्ने, बजारका बैंक, वित्तिय संस्था तथा पसलहरुको सुरक्षा व्यवस्था राम्रो हुनुपर्ने, स्याङ्जाको निर्वाचन क्षेत्र नं ३ को प्रमुख व्यापारिक केन्द्र समेत रहेको गल्याङ प्रहरी चौकीमा सवारी साधन नभएकाले घटना लगतै घटना स्थलमा पुग्नका लागि असुविधा भएकाले सवारीसाधनको व्यवस्था मिलाउनु पर्ने लगायतका विषयमा जोड दिनुभयो । बक्ताहरले प्रहरी र जनताको समन्वय गरेर अगाडी बढ्न सकेको खण्डमा सुरक्षा व्यवस्था बलियो पार्न सकिने र समाजमा हुने गरेको हिँसा, विकृती, विसंङ्गति कम गर्न सकिने कुरामा जोड दिनुभयो । कार्यक्रममा गल्याङ बजार व्यवस्थापन समितिका अध्यक्ष भेमलाल अर्याल, नेपाल रेडक्रस सोसाइटी गल्याङ शाखाका सभापती प्रेमराज श्रेष्ठ, कृषि विकास बैंक शाखा कार्यालय गल्याङका प्रमुख चिरिञ्जवी वस्याल, गल्याङ युथका अध्यक्ष जनक श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष सोम बहादुर गुरुङ् लगायतले बोल्नुभएको थियो ।

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रो. दुर्गा प्रसाद भण्डारी
एवम्
गल्कोट फार्मेसी
गल्याङ बजार, स्याङ्जा

हार्दिक शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण सञ्चालक समितिका सदस्यहरु, शेयर सदस्यहरु, सेवाग्राही, कर्मचारी साथीहरु, देशविदेशमा रहने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, एवं दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

चुरामणी बस्याल, अध्यक्ष
नगेन्द्र प्रसाद न्यौपाने, प्रबन्धक
एवम्
प्रभात बचत तथा ऋण सहकारी संस्था लि. परिवार
मालुङ्गा, स्याङ्जा

हार्दिक शुभकामना

